# राजापुर नगरपालिका, बर्दिया

# राजापुर नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७८

नगर सभाबाट स्वीकृत मितिः २०७८।०४।१३

प्रमाणीकरण मिति : २०७८।०४।२६

राजपत्रमा प्रकाशित मितिः २०७८।०४।१७

प्रस्तावनाः राजापुर नगरपालिका भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद् ( बाढी, आगलागी, हावाहुरी, लु, शतिलहर, चट्याङ्ग, जंगली जनावरको आक्रमण, सडक दुर्घटना आदि) बाट सर्वसाधारणको जिउज्यान र सार्वजनिक,निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा कार्यान्वयनका लागि कानून बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिमको अधिकार प्रयोग गरी राजापुर नगरपालिकाको सातौं औं नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम ‘‘राजापुर नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७८’’ रहेको छ ।

(२) यो ऐन राजापुर नगरपालिकाको क्षेत्रभित्र राजपत्रमा प्रकाशन भए पछि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) ‘‘नगरपालिका’’ भन्नाले राजापुर नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) ‘‘ऐन’’ भन्नाले राजापुर नगरपालिकाको नगरसभाले बनाएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७८ सम्झनु पर्छ ।

(ग) ‘‘कार्यकारी समिति’’ भन्नाले संघीय ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

